# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या: ०७७/०७८

च.नं.: ८१

मिति: २०७७/०७/१९

**सबै शैक्षिक संस्थाहरु**

**विषयः अत्यन्त जरुरी सूचना**

यस कीर्तिपुर नगरपालिका भित्र सञ्चालित सबै सामुदायिक तथा संस्थागत विध्यालयहरुले तपसील अनुसार तोकिएको कामहरु मिति २०७७ कार्तिक मसान्त भित्र यस शाखामा आधिकारिक जानकारी गराउनु हुन अनुरोध छ साथै विवरण प्राप्त नभएको कारणबाट विध्यालयले प्राप्त गर्न सक्ने सुविधाहरु नहुने व्यहोरा अनुरोध छ ।

तपशिल

१) कोरोना कोभिड - १९ का विषयमा सरोकारवालालाई जानकारी लिने दिने सम्बन्धमा सबै विध्यालयहरुले एकजना कोभिड- १९ फोकल पर्सन तोक्ने ।

२) सामुदायिक विध्यालयमा कक्षा ६- १२ मा अध्ययनरत छात्राहरुलाई निशुल्क वितरण हुने स्यानेटरी प्याड व्यवस्थापन तथा वितरणको जिम्मा लिने विध्यालय नर्स वा एकजना महिला शिक्षिका फोकल पर्सन तोक्ने ।

३) सामुदायिक विध्यालयमा अध्ययनरत बालविकास कक्षा देखि ५ सम्मका बालवालिकाहरुलाई दिवा खाजा कार्यक्रम व्यवस्थापन गर्न एकजना खाजा व्यवस्थापन फोकल पर्सन तोक्ने ।

४) शैक्षिक तथ्याङ्क (IEMIS) अध्यावधिक नगर्ने सबै सामुदायिक विध्यालयहरुलाई तथ्याङ्कको आधारबाट प्राप्त हुने (छात्रवृति, पाठ्यपुस्तक, प्रति विध्यार्थी लागत अनुदान, विध्यालय सुधार योजना, लेखापरीक्षण तथा सामाजिक परीक्षण) लगायतका अनुदान निकासा नहुने व्यहोरा अनुरोध छ । साथै तथ्याङ्क अध्यावधिक भई सबै प्रतिवेदन पेश भएको भए सो संग सम्बन्धित निकासा माग गर्नु होला ।

५) शैक्षिक तथ्याङ्क नभर्ने वा अध्यावधिक नगर्ने सबै सामुदायिक, संस्थागत तथा पूर्व प्रा. वि. हरुलाई यस नगरपालिकाबाट दिइने सुविधाहरु उपलब्ध गराउन बाध्य हुने छैन ।

२०७७/७/१९

गोविन्दप्रसाद निरौला

शाखा अधिकृत

Scanned with CamScanner